का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २९०
- २८ मंसिर २०७८, मंगलबार
- 14 December 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



काँग्रेसको १४औं महाधिवेशनस्थल भृकुटीमण्डप परिसरमा उम्मेदवारको पर्चा, पम्प्लेटले छोपिएको सडक । तस्वीरः प्रदीपराज वन्त

# महँगो प्रतिश्पर्धा

नेपाली काँग्रेसको १४औं महाधिवेशनबाट नेतृत्वमा पुग्न प्यानल बनाएर प्रतिश्पर्धामा उत्रिएका नेताहरुको गतिविधि, दौडधुप र प्रचार कार्यले नेता बन्न सजिलो छैन भन्ने प्रष्ट सन्देश दिएको छ । अझ नेतृत्वमा पुग्न समीकरण निर्माण र गुट परिवर्तन गर्नुपर्दा नेता तथा कार्यकर्तामा पनि हैरानी देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

सत्तारुढ दल नेपाली काँग्रेसको नयाँ नेतृत्व चयन निर्धारित तालिका प्रभावित हुँदा सोमबार राति अवेरसम्म मतदाताहरुले लाइनमा उभिएका थिए । सोमबार बिहान ८ बजेबाट मतदान शुरु गर्ने भनिएकोमा चार घण्टा ढिलोगरी मतदान शुरु भयो । मध्यान्ह १२ बजे निवर्तमान सभापति शेरबहादुर देउवाले मतदान गरेका थिए ।

सभापतिका अन्य उम्मेद्वारहरु डा.शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि र कल्याण गुरुङले मतदान गरे । काँग्रेसको महाधिवेशन कार्यतालिका शनिबारबाटै प्रभावित बन्दै आएको छ । उम्मेद्वारी दर्ता,

– बाँकी पृष्ठ २ मा

# आफ्नै असन्तुष्ट



“ दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्णय र कार्यशैलीप्रति उनी निकट नेताहरु नै असन्तुष्ट देखिएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

पार्टीभित्र एकमना एकता कायम भएको दावी गर्दै आएको नेकपा एमालेभित्र आन्तरिक कलह बढेर गएको छ । १० देखि १४ मंसिरसम्म चितवनमा चलेको १०औं महाधिवेशनबाट दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित केपी शर्मा ओलीको समूहभित्रै ध्रुबिकरण बढेको छ। ध्रुबिकरण बढेकै कारण सोमबार सकिएको केन्द्रीय कमिटीको बैठकले गरेको निर्णयप्रति तीव्र असन्तुष्टि देखिएको छ ।

सोमबार सकिएको स्थायी कमिटी बैठकले स्थायी कमिटी गठन, पोलिट्ब्यूरो गठन र केन्द्रीय सदस्य मनोनयन गरेको थियो । ४५ सदस्यीय स्थायी कमिटी बनाउँदा जुनियरलाई समेट्दा पुराना नेताहरु छुटाइएको भन्दै एमाले नेताहरुले सार्वजनिक आलोचना गरेका छन् । १९ पदाधिकारी चयन भइसकेकाले २६ जनालाई स्थायी कमिटी सदस्य चयन गरिएको थियो। पोलिट्ब्यूरो गठनमा पनि चर्को असन्तुष्टि देखिएको छ ।

३६ सालको विद्यार्थी आन्दोलनका नेता टंक कार्की जस्ता नेतालाई नसमेटिएको भन्दै उपाध्यक्ष सुवास नेम्वाङ, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, घनश्याम भूसाल लगायतले आपत्ति जनाएका थिए । भुसालले त आफूलाई स्थायी कमिटी सदस्यबाट हटाए पनि कुनै समस्या नहुने, तर कार्कीलाई पोलिट्ब्यूरोमा ल्याउन आग्रह गरेका थिए । चितवन महाधिवेशनमा कार्की सचिव पदका उम्मेद्वार थिए । उनले ५०० मत ल्याएका थिए । तर धेरै जुनियर नेता समेटिदा कार्की पोलिट्ब्यूरोमा परेनन् ।

केन्द्रीय सदस्य मनोनयनमा अझ ठूलो असन्तुष्टि देखिएको छ। झापा विद्रोहका नेता नरेश खरेल केन्द्रीय

– बाँकी पृष्ठ २ मा

# एजेण्डा एमसीसी !

विवादित अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) संसद् बैठकमा पेश गर्ने तयारी भएको छ । स्रोतका अनुसार, मतदानमा लैजाने योजना सहित संसद्मा टेवल गर्न नेताहरु तयार भएका छन् ।



सभामुख अग्निप्रसाद सापकोटा आजबाट सुरु हुने संघीय संसद अधिवेशनको तयारीबारे संसद बैठक हल निरीक्षण गर्दै । तस्वीरः रत्न श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर ।

विवादित परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) निर्णयार्थ संसद्मा पेश गर्ने भएको छ। दलहरुबीच विवाद हुँदा एमसीसी पारित हुन सकेको छैन। नेकपा एमाले र नेकपा माओवादी केन्द्रभित्र एमसीसीबारे समान धारणा छैन । एमसीसीको विरोधमा लगातार सडक प्रदर्शन समेत हुने गरेको छ ।


एमसीसी विवादकै कारण तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित हुन पुग्यो । नेकपामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली एमसीसीको पक्षमा उभिएका थिए । तर पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल लगायत नेता भने एमसीसी संशोधन नगरी पारित नगराउने पक्षमा उभिए । यसका लागि झलनाथ खनालको नेतृत्वमा अध्ययन कार्यदल बन्यो। कार्यदलले एमसीसी संशोधन गरेर मात्रै पेश गरिनुपर्ने सुझाव दिएको थियो । तर यो विवाद हल हुन सकेन। नेकपा नै विभाजित भयो ।

अहिले गठबन्धन सरकार छ । तर यसपटक पनि प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदनको पक्षमा छन् । तर माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी लगायत दलहरुभित्र यसको विरोध भइरहेको छ । तर एमसीसीबारे निर्णय लिन दबाव बढेको छ । त्यसैले नेताहरुले बीचको बाटो अपनाउने निष्कर्षमा नेताहरु पुगेका छन् । स्रोतका अनुसार, एमसीसी पारित भए पनि नभए पनि निर्णयार्थ पेश गर्ने तयारी भएको छ । संसद् बैठक आज बस्दैछ ।

सभामुख अग्निप्रसाद सापकोटाले अधिवेशनको तयारी पुरा भएको छ। “सदन सहमतिका साथ अघि बढाउन मैले तटस्थ, स्वतन्त्र र निष्पक्षरुपमा संविधान र प्रतिनिधिसभाको नियमावलीमा टेकेर काम गर्न प्रतिबद्ध छु। यस सम्बन्धमा जनतालाई प्रष्ट पार्दै लगेको छु, कहीँकतै अस्पष्टता भएमा व्यवहार र कामबाटै प्रष्ट हुनेछ”, सभामुख सापकोटाले भने ।

सदनमा दलकै भूमिका निर्णयक हुने भएकाले खेलमा अम्पायर जस्तै सभामुखका हैसियतले सदन सुचारु भएपछि समन्वय र सहजीकरणको भूमिका देखिँदै जाने बताए । “संविधान, कानूनले निर्दिष्ट गरेअनुरुप समन्वय र सहजीकरण गर्दै सदन अघि बढछ। प्राप्त भूमिका अनुसार कार्यव्यवस्था र दलको बैठक डाकेर सदन सुचारु गर्न हरसम्भव प्रहल र प्रयत्न हुनेछ”, उनले भने ।

# मेरै कार्यकालमा समस्याहरू समाधान गरिनेछ : मन्त्री श्रेष्ठ



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले सात वटै प्रदेशमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र विस्तार गरिने बताएका छन्। व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, भैंसेपाटी, ललितपुरमा पूनर्निर्मित भवन उद्घाटन कार्यक्रममा मन्त्री श्रेष्ठले स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न तथा नयाँ श्रम शक्तिको लागि पर्याप्त रोजगारी सिर्जना गर्न सीप तथा उद्यमशिलता अभिवृद्धिका लागि तालिम केन्द्रहरु देशभर विस्तार गर्न लागिएको बताए ।

मन्त्री श्रेषठले भने, ‘उत्पादनशील रोजगारीका अवसरहरू अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार, उच्च र दिगो आर्थिक विकासका लागि व्यावसायिक तथा सीप विकास तालिम केन्द्र तत्कालै प्रदेशस्तरमा लगिने र स्थानीय तहसम्म विस्तार गरिने छ ।’

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने उद्यमशील, दक्ष, सीपयुक्त, श्रमशक्ति विकास गरी बेरोजगारी समस्या न्यूनीकरण गर्न तालिम केन्द्रहरु विस्तार गर्नुपर्ने उनको भनाइ छ । मन्त्री श्रेष्ठले आफ्नो कार्यकालमा वैदेशिक रोजगारीमा देखिएका सबै समस्या समाधान गर्ने र रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न आधार खडा गर्ने बताए ।

वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रणका लागि छुट्टै संयन्त्र निर्माण गर्न लागिएको मन्त्री श्रेष्ठको भनाइ छ। वैदेशिक रोजगारबाट आर्जन भएको सीप, प्रविधि र

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारीमा जाने बढ्दै

**खोटाङ/रासस-** वैदेशिक रोजगारीको सिलसिलामा विदेश जाने युवाको संख्या दिनानुदिन बढ्दै गएको छ । वैदेशिक रोजगारीमा विभिन्न देश जानका लागि यहाँबाट पछिल्लो चार महिनाको अवधिमा एक हजार ७ सय ९२ जनाले श्रम स्वीकृति लिएका छन् । सुरक्षित आप्रवासन परियोजना सामीका अनुसार गत साउनदेखि कातिकसम्मको तथ्यांक हेर्दा जिल्लाबाट वैदेशिक रोजगारीमा विभिन्न देश जानलाई १ सय ७ महिला र एक हजार ६ सय ८५ पुरुषले श्रम स्वीकृति लिएका छन् ।

सरकारले गत साउन र भदौमा गरेको लकडाउनयता पनि रोजगारीका लागि विदेश जान अत्यधिक संख्यामा श्रम स्वीकृति लिएको पाइएको हो । दश स्थानीय तह रहेको खोटाङमा वैदेशिक रोजगारीको सिलसिलामा ६० हजारभन्दा बढी नागरिक विभन्न देशमा पुगेका सुरक्षित

– बाँकी पृष्ठ २ मा

### आईएलओद्वारा श्रम प्रशासन सुधारका लागि सहयोग



**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले नेपालको श्रम प्रशासन सुधारका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई विभिन्न सामग्रीहरु हस्तान्तरण गरेको छ ।

श्रम मन्त्रालयमा सोमबार आयोजित कार्यक्रममा आइएलओका नेपाल निर्देशक रिचार्ड होवार्डले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)लाई ती सामग्रीहरु हस्तान्तरण गरे । आइएलओले ५ वटा मोटरसाइकल, २४ वटा

– बाँकी पृष्ठ २ मा

Vacancy Announcement

A leading foreign recruitment agency is seeking the following position urgently.

Public Relational Officer- 10

Fluent in English, Ms Word with Latest Technology Nepali Typing Skill, 2 Years Work Experience Preferred.

SALARY NEGOTIABLE

Dimond Star Overseas Pvt. Ltd.

Gov. Lic. N.: 1353/074/075

Buddhanagar-10, Kathmandu, Ph.: 9823132430, 9809402086

# पत्रकारमाथि दुर्व्यवहार भएकोप्रति महासंघको ध्यानाकर्षण



**काठमाडौं/मस–** नेपाली कांग्रेसको १४ औं महाधिवेशनका क्रममा समाचार संकलनका लागि पुगेका पत्रकारमाथि प्रहरी र निर्वाचन समितिका सदस्यबाट दुर्व्यवहार भएको घटनाप्रति नेपाल पत्रकार महासंघले ध्यानाकर्षण भएको जनाएको छ ।

महाधिवेशनका क्रममा आज तीन घण्टा ढिलो गरी सुरु भएको मतदानको फोटो खिच्न जान लागेका पत्रकालाई प्रहरी र निर्वाचन समितिका सदस्यहरूले भित्र जान नदिई दुर्व्यवहार गर्दै समाचार संकलनमा रोक लगाएका थिए । समाचार संकलनमा अवरोध गरेको घटनाप्रति महासंघले सोमबार विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षणसमेत गराएको छ ।

'नेपाली कांग्रेसजस्तो जिम्मेवार पार्टीको महाधिवेशनमा पत्रकारलाई समाचार संकलनमा सहज बनाइनुपर्नेमा यस किसिमको व्यवहार र व्यवधान हुनु आफैंमा निन्दनीय हुनाका साथै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो, पत्रकारलाई निर्बाध रूपमा प्रेस स्वतन्त्रताको उपभोगको वातावरण बनाई प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

### महँगो....

उम्मेद्वारी फिर्ता लगायत सवै कार्यसूचीमा समय थप गरेको निर्वाचन समितिले मतदानको समय पनि हेरफेर गरेको थियो ।

मतदान गर्ने समय मतपत्र छपाईमा भएको ढिलाइले प्रभावित बनेको थियो । चार हजार ७४३ मतदाता रहेको महाधिवेशनमा मतदान भने राति अवेरसम्म चल्यो ।

काँग्रेसको केन्द्रीय कार्य समितिको १३२ पदका लागि ४८७ जना प्रतिश्पर्धामा उत्रिएका थिए । धेरै उम्मेद्वार रहेकाले मतदानको समय धेरै हुन पुगेको थियो। कांग्रेस विधानअनुसार १६७ कार्यसमिति मध्ये १३४ पदमा निर्वाचन हुने र बाँकी ३३ जना सभापतिबाट मनोनीत हुने व्यवस्था छ ।

मतदानस्थलमा प्रधानमन्त्री, शीर्ष नेता, गृहमन्त्री, मन्त्री लगायत विशिष्ट व्यक्तिले मतदान गर्ने हुँदा सुरक्षा व्यवस्था कडा गरिएको थियो। अझ भृकुटीमण्डप परिसरमा सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री सहित नेताहरुको प्रचारमा सांस्कृतिक बाजागाजा सहित प्रचार प्रसार हुँदा केहीदिन यता काँग्रेसमय बनेको छ । प्रचार धेरै भएको र महाधिवेशन समय लम्बिएकाले नेतृत्वमा पुग्न नेताहरुका निम्ति निकै महँगो सावित हुन पुग्यो ।

नेतृत्वमा पुग्न नेताहरुको प्यानल नै बनेको थियो । देउवाको प्यानलबाट उपसभापतिमा बिजय गच्छदार र पूर्ण खड्का, महामन्त्रीमा प्रकाशशरण महत र प्रदीप पौडेल छन् । आठ सहमहामन्त्री पनि प्यानल बनेको छ। देउवाले चुनाव जित्न पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासँग सहकार्य गरेका थिए । देउवासँग सहकार्य गरी सिटौला समूहबाट महामन्त्रीमा पौडेल र सहमहामन्त्रीमा उमाकान्त चौधरी उम्मेद्वार रहे ।

शेखर कोइरालाको उपसभापतिमा धनराज गुरुङ र चन्द्र भण्डारी, महामन्त्रीमा गगन थापा र मीनेन्द्र रिजाल उम्मेद्वार रहे । प्रकाशमानको समूहमा उपसभापति सुजाता कोइराला र महामन्त्री विश्वप्रकाश शर्मा रहे । शुक्रबारबाट शुरु भएको काँग्रेस महाधिवेशनबाट नयाँ नेतृत्वको अन्तिम परिणाम आउन भने केही दिन लाग्ने देखिएको छ । पदाधिकारीको मत गणना राष्ट्रिय सभागृहमा र केन्द्रीय कार्य समितिका सदस्यहरुको मत गणना केन्द्रीय कार्यालय सानेपामा गर्ने तयारी भएको छ ।

### आफ्नै...

सदस्यमा मनोनित भएनन् । उनलाई ओली निकट नेताहरुले महाधिवेशनमा पनि मत हाल्न नहुने सूचीमा राखेर सूची बाँडेका थिए। ओली भन्दा धेरै जेल बसेका खरेलले भने केन्द्रीय सदस्यमा मनोनयन पनि दिएका थिएनन् । झापा विद्रोह पछि खरेल १७ वर्ष जेल बसेका थिए ।

तर झापाकै ब्यापारी दुर्गा प्रसाईंलाई एमालेले केन्द्रीय सदस्य मनोनित गरेका छन् । खरेल मनोनयन नपर्ने, तर विवादित व्यक्ति प्रसाइँ केन्द्रीय सदस्य बने । खरेललाई एमालेले १० औं महाधिवेशनमा पनि मनोनित प्रतिनिधि बनाएको थियो। यसबाहेक असन्तुष्टि भने ओली समूह नै फुट्नू हो ।

नवौं महाधिवेशनमा ओलीलाई साथ दिएका नेताहरु अहिले दुई ध्रुवमा विभाजित भएका छन् । एउटा समूहको नेतृत्व ईश्वर पोखरेल र अर्को समूहको नेतृत्व सुवास नेम्वाङले गरेका छन् । चितवन महाधिवेशनमा पोखरेल निकट शंकर पोखरेल र नेम्वाङका तर्फबाट विष्णुप्रसाद पौडेल महासचिवका प्रतिश्पर्धी थिए। तर पोखरेल महासचिव भए। पौडेललाई भने उपाध्यक्ष बनाइएको थियो। अहिले केन्द्रीय सदस्यहरुको कार्यविभाजनमा पनि त्यसको असर देखिएको छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा पौडेल महासचिव थिए भने नवौं महाधिवेशनपछि संगठन विभाग प्रमुख बनेका थिए । यसपटक पौडेललाई संगठनको अनुगमन विभागको जिम्मेवारी दिइएको छ ।

### मेरै....

अनुभवलाई स्वदेशमै उत्पादनमुलक क्षेत्रमा प्रोत्साहन गर्ने सरकारको नीति रहेको उनले बताए ।

कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्यालले नयाँ भवन निर्माण भएपछि तालिम तथा विभिन्न किसिमका परीक्षा संचालन गर्न सहज हुने बताए । २०७२ सालमा गएको भुकम्पका कारण भत्केको व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, भैंसेपाटी, ललितपुरको भवन हालै निर्माण सम्पन्न भएको थियो । ९ करोड २४ लाख लागतमा निर्माण भएको ५ तले भवन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला आयोजना कार्यन्वयन इकाईले निर्माण गरेको हो ।

### वैदेशिक...

आप्रवासन परियोजना सामीका कार्यक्रम संयोजक सन्तोष राईले जानकारी दिए ।

मुलुकभरको तथ्यांक हेर्दा वैदेशिक रोजगारीको सिलसिलामा युवापुस्ता विदेश जाने जिल्लामध्ये खोटाङ १९औं स्थानमा रहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । विश्वभर महामारीको रुपमा फैलिएको कोरोना कहरबीच आर्थिक वर्ष २०७७/७८ मात्रै जिल्लाका एक हजार ९२८ नागरिक वैदेशिक रोजगारीको सिलसिलामा बाहिरिएका छन् ।

कोरोना महामारीकै बीचमा पनि खोटाङका १०४ महिलासमेत वैदेशिक रोजगारीका लागि विदेशिएको राईले जानकारी दिए । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लाका अधिकांश स्थानीय बासिन्दाको घरका युवाशक्ति वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा रहेको पाइएको छ। यतिसम्म कि एउटा घरका बुबा, छोरीछोरी तथा बुहारी गरी पाँच जनासम्म वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका छन् ।

पहाडी भूभाग रहेको जिल्लामा जीवन निर्वाहमुखी खेतीभन्दा अन्य आम्दानीको स्रोत नभएपछि रोजगारीको सिलसिलामा विदेशिनुपर्ने बाध्यता रहेको युवापुस्ताले बताउने गरेका छन् । वैदेशिक रोजगारीमा गएका परिवारको आर्थिक अवस्थासमेत सुदृढ हुँदै गएको सामी परियोजनाले जनाएको छ। वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने काम गरिरहेको सामीमा वैदैशिक रोजगारसँग सम्बन्धित नौं उजुरी परेका छन् । खोजी तथा उद्दारमा पाँच, मृत्यु भएकाको शव झिकाइदिन एक, आर्थिक सहयोगका लागि दुई तथा मेनपावरले दुःख दिएकामा एउटा उजुरी परेको हो ।

विगत चार महिनको अवधिमा वैदेशिक रोजगारसम्बन्धी जानकारी लिन दिक्तेलस्थित सूचना केन्द्रमा महिला १८२ र पुरुष ४६१ आएका आएका छन् । वैदेशिक रोजगारीमा गएका घरपरिवारका महिला सदस्यलाई सामीले वित्तीय साक्षरतासम्बन्धी ज्ञान तथा सीप दिँदै आएको छ ।

### आईएलओद्वारा...

ल्यापटप-प्रिन्टर लगायतका सामाग्री हस्तान्तरण गरेको छ ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक वा देशभित्र रोजगारी गर्ने मजदुरको सुरक्षा र समस्या समाधानमा प्राविधिक सहयोग गर्दै आएको निर्देशक होवार्डले बताए । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारी क्षेत्र व्यवस्थित गर्न आइएलओले गर्दै आइरहेको सहयोगका लागि धन्यवाद दिए । श्रमिकको सीप विकास, श्रम शोषण र बाल श्रमविरुद्धका क्षेत्रमा आइएलओले नेपालमा काम गर्दै आएको छ ।


# कोरोना खोपमा घूस, दुई स्वास्थ्यकर्मी पक्राउ

**काठमाडौं/मस–** सरकारले निःशुल्क रुपमा उपलब्ध गराएको कोरोनाविरुद्धको खोप लगाई दिएबापत घूस मागेको अभियोगमा दुई स्वास्थ्यकर्मी पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार महोत्तरी स्वास्थ्य चौकीमा कार्यरत हेल्थ असिस्टेन्ट अजयकुमार साहले हेल्थ असिस्टेन्टमा अध्ययनरत विद्यार्थी कृष्णाकुमार यादवलाई परिचालन गरी सेवाग्राहीसँग २० हजार घूस मागेका थिए ।

निःशुल्क रुपमा उपलब्ध हुने कोरोनाको खोप लगाउन घूस माग गरेको भन्ने सूचनाका आधारमा आयोगको टंगालबाट गएको टोलीले जनकपुर उपमहानगरपालिका-७ नयाँ बसपार्कबाट घूससहित पक्राउ गरेको हो । आरोपीद्वयको थप अनुसन्धान भइरहेको प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिए ।

# बागलुङमा ग्रामीण पोषण सुधार कार्यक्रम



**बागलुङ/मस–** बागलुङमा सुत्केरी महिला र एक हजार दिनका बालबालिकाको पोषण व्यवस्थापनका लागि ग्रामीण पोषण कार्यक्रम सञ्चालनमा ल्याइने भएको छ । कृषि ज्ञान केन्द्र बागलुङले दुई वर्ष उमेर समूहका बालबालिकाको परिवारलाई कार्यक्रममा सहभागी गराउने उदेश्यले सो कार्यक्रम गर्न लागिएको हो ।

गण्डकी प्रदेश सरकारको ग्रामीण पोषण सुधार कार्यक्रमअन्तर्गत सुत्केरी महिलालाई पोषणयुक्त तरकारी उत्पादन तथा मह उत्पादनमा जोडेर पोषणमा सुधार गर्ने कार्यक्रम रहेको ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बताए ।

सूचीकृत समूह वा सहकारीमा आवद्ध १५ देखि २५ जना सुत्केरी महिलाको समूहले यो कार्यक्रममा सहभागिता जनाउन पाउने छन् । 'दुई वर्षभित्रका बच्चा भएको परिवारका सदस्यले प्रमाणसहित कार्यक्रममा सहभागी हुनसक्छन् भने त्यसका लागि क्लस्टर बनाउनुपर्छ,' भट्टराईले भने, ' यो कार्यक्रममा सहभागी हुन सबैलाई आह्वान गरेका छौं ।' कार्यक्रमका लागि जिल्लाभर रु.३० लाख रुपैयाँको बजेट बिनियोजन गरिएको छ । एक जना बालबालिकाको परिवारले २० हजार अनुदान पाउने छ ।

समूहमा आउनेलाई थप प्रोत्साहन गरिने उनले बताए । लक्षित ब्यक्तिले च्याउखेती गरेको हुनुपर्ने, सानो प्लास्टिक टनेल र एक घार माहुरी हुनुपर्ने कार्यक्रमको विधि छ, उनले भने, मह, च्याउ, तरकारी र आवश्यक पोषिलो वस्तु कौसीमा उत्पादन होस भन्ने हाम्रो उद्देश्य हो । यो कार्यक्रमले घरमै पोषणयुक्त तरकारी तथा मह उत्पादन गर्न प्रेरित गर्ने उनले बताए । बालबालिका दुई वर्षको हुँदासम्म सुत्केरी र बालबालिकाका लागि मह र तरकारी प्रयोग हुने र त्यसपछि करेसाको तरकारीले घरखर्च चलाउन सहज हुने कार्यक्रमको लक्ष्य छ ।

कार्यक्रममा सहभागी हुनका लागि कार्यालयले आह्वान गरेको भए पनि कसैले आवेदन भने दर्ता गराएका छैनन् । समूह चाहिने, दर्ता भएको हुनुपर्ने र कम्तीमा १० जनाभन्दा बढीको समूह हुनुपर्ने भएकाले प्रक्रिया पुऱ्याउन कठिन छ । समुदायस्तरमा सचेतना र जागरणमार्फत कार्यक्रम प्रभावकारी बनाउने कार्यालयको योजना छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/०८/२८**

यस कार्यालयमा मिति २०६८।०९।२१ मा दर्ता भएको **प्रा.लि. नं. ८९४०३** को **फ्लोरिड यूनिफर्म प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## महागढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बरियारपुर, बारा**
**प्रदेश नं. २, नेपाल**

**आशय सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/०८/२८**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट प्रथम पटक प्रकाशित २०७८/०७/१६ गतेको सूचना चापाकल खरिद सम्बन्धमा तोकिएको समय भित्र दर्ता भई मिति २०७८/०८/१६ गते खोलेको मुचुल्का अनुसार बोलपत्र टेण्डरको सम्पूर्ण कागजातहरु मूल्यांकन समितिबाट मिति २०७८/०८/२६ गते मूल्यांकन भई तपशिल बमोजिमका फर्म स्वीकृत भएकोले प्रकाशित मितिले ७ (सात) दिनभित्र यस विषयमा केही कुरा बुझ्नुपर्ने भए कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं | बोलपत्र नं. | फर्मको नाम | ठेगाना | एकमुस्ट कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०८/०७८/०७९ | ए टु जेड सप्लायर्स एण्ड डिष्ट्रिब्युटर्स | कलैया, बारा | ४०,५७,२९४। | |

**विजय प्रसाद कुशवाहा**
**निमित्त प्रमुख प्रशासकिय अधिकृत**

# 'औषधिको मूल्यवृद्धि गरिएको छैन'

काठमाडौं/मस-नेपाल औषधि व्यवसायी संघले आफूखुशी औषधिको मूल्यवृद्धि नभएको बताएको छ । संघले सोमबार विज्ञप्ति जारी गर्दै केही सञ्चारमाध्यममा औषधिको मूल्यवृद्धिसम्बन्धी समाचारमा संघको नामसमेत उल्लेख भएकामा ध्यानाकर्षण भएको जनाएको छ ।

संघले समाचारमा उल्लेख भएका कतिपय तथ्यहरूप्रति संघ असहमति राख्दै तथ्यपूर्ण समाचार सम्प्रेषणका लागि अनुरोधसमेत गरेको छ । 'औषधि ऐन, २०३५ मा आवश्यक देखेमा नेपाल सरकारबाट औषधिको मूल्य निर्धारण गर्ने व्यवस्था छ । सोही प्रावधानअनुसार हाल देशमा ९६ प्रकारका औषधिका मूल्यसमेत निर्धारण गरिएको अवस्था छ,' विज्ञप्तिमा भनिएको छ ।


## साउदीमा रोजगारको अवसर |

१. कम्पनीः TAXIAT TRADING COMPANY शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३१४ LT. No.: 253611

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 3 | 0 | स. काममा दक्ष | 1100 | ३५,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः EASY FAST FOODSTUFF COMPANY. शहरः Dammam

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३१५ LT. No.: 253719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ६ गते (21 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.** प्रम इजाजत नं. १००१/०६८/६९

पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College सँगै) काठमाडौं, फोन : ०१-५१००५०२, ९८०३२१००४१, ९८१४७७८३७१, ९८१९७७९८६७, Email : cv@alayuni.com.np

## साउदीमा रोजगार |

१. कम्पनीः Saeed Hassan Saeed Al Zahrani Restaurant for serving meals शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३०५ LT. No.: 253637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CHEF ASSISTANT. | 2 | 0 | स. काममा दक्ष | 1400 | ४५,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Sattam Muhammed al- Sabhan's farm शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३०५ LT. No.: 253637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ६ गते (21 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075

Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241

## साउदीमा रोजगार |

१. कम्पनीः GHADA MARAN AL HARIR AL ROWAILI CONTRACTING EST शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५९ L.T. No.: 253237

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Car Driver | 2 | 0 | | 1800 | ५९,४१८ | | | | | | | |

२. कम्पनीः SPICY BREAD ROLL RESTAURANT FOR SERVING MEALS शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५८ L.T. No.: 253239

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः ARJWAN CAR WASH शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५७ L.T. No.: 253238

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Wash | 3 | 0 | स. काममा दक्ष | 1200 | ३९,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः AL SHARQ SPECIALIZED CORPORATION FOR CUSTOMS CLEARANCE शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५६ L.T. No.: 253245

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५९,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः FRIHAN S. AL-SHAMRY EST. FOR CONTRACTING शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५५ L.T. No.: 253242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 6 | 0 | स. काममा दक्ष | 1200 | ३९,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनीः Abdullah bin Misfer bin Muhammad Al-Ghamdi Foundation for serving meals शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५२ L.T. No.: 253243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनीः Arwa Nasser Suleiman Al-Saawi Factory for Industry शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५३ L.T. No.: 253240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३९,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनीः AMJAD AL RUQI ARCHITECTURAL CONTRACTING EST शहर : Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५४ L.T. No.: 253241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ६ गते (21 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१,२ र ८ को निःशुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.** Gov. Lic. No. 1251/074/075

G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# शिक्षकलाई राजनीतिक दलको उम्मेदवार बन्न रोक

**काठमाडौं/मस-** सर्वोच्च अदालतले शिक्षकहरूलाई राजनीतिक दलको महाधिवेशन प्रतिनिधि, केन्द्रीय कार्यसमितिको मतदाता र उम्मेदवार बन्ने कार्य नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश तेजबहादुर केसीको इजलासले उक्त आदेश जारी गरेको हो । आदेशमा भनिएको छ, 'हाल नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधि पद ग्रहण गरेका प्रत्यर्थी विपक्षीलाई सोभन्दा माथिल्लो तहको अधिवेशन र केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय कार्यसमितिमा मतदाता हुन र उम्मेदवार बन्ने बनाउने कार्य नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ ।'




भक्तबहादुर बस्नेतसहितले दायर गरेको रिट निवेदनमा अदालतले सरकारी शिक्षकहरू कांग्रेस प्रतिनिधि चुनिएको र त्यो प्रचलित कानुनको विपरीत भएको उल्लेख गर्दै शिक्षकलाई राजनीतिक दलका कुनै पनि तहको अधिवेशन र कार्यसमितिमा मतदाता हुन र उम्मेदवार बन्ने बनाउने कार्यलाई रोक्न माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

रिट निवेदनमा नेपाली कांग्रेसको १४औं महाधिवेशनमा शिक्षकसमेत प्रतिनिधि भएर मतदानमा समेत संलग्न भएकाले रोक्न रिटमा माग गरिएको थियो ।

आदेशमा राष्ट्रसेवक शिक्षकलाई प्रचलित कानुनले राजनीतिमा भाग लिन रोक लगाएको र भाग लिएमा सजायसमेत हुने व्यवस्था गरेको र सो कार्य प्रथम दृष्टिमै कानुनको व्यवस्थाविपरीत भएको ठहर गरेको छ । आदेशमा भनिएको छ,'शिक्षक राष्ट्र सेवक कर्मचारी र देशमा नागरिकलाई शिक्षित बनाउने गुरुत्तर दायित्व बोकेका वर्ग हुँदा निजहरूलाई कुनै पनि दलको सदस्य भएर वा सदस्य समान भै राजनीतिमा भाग लिने कानुनसम्मत होइन ।'

# 'दम्पती, सन्तति, सम्पत्ति र विपत्ति' सार्वजानिक

**काठमाडौं/मस-**कानून विषयको उच्च शिक्षामा स्थापित चक्रवती हबी एजुकेशन एकेडेमीका प्रमुख देवेन्द्रबहादुर भण्डारीको जीवनी र संस्मरणमा आधारित 'दम्पती, सन्तति, सम्पत्ति र विपत्ति' को विमोचन भएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त सो कलेजको १२ औं वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रममा प्रमुख भण्डारीले दुई हजार ६०० पृष्ठको उक्त बृहत पुस्तकको 'प्रि-लञ्च' गरेको हो । नेपाल प्रहरीको हवल्दार हुँदै प्रहरी निरीक्षकबाट अवकाशपछि क्याम्पसको अध्यक्ष भण्डारीको सो कृतिमा कलेजका प्रशासकीय प्रमुख विमला हुमागाईंको छाया लेखन रहेको छ । चार वर्षमा तयार गरिएको सो कृतिका लेखक भण्डारीले आफूले बाल्यकालदेखि हालसम्मका सुःख, दुःख र छ दसकका अनुभवलाई समेटेको बताउँदै यस पुस्तकले दक्षिण एसियाली समाजको एक प्रकारको मनस्थितिलाई प्रतिनिधित्व गर्ने बताए ।

उनले आफ्नो कलेज कानूनी अध्ययनका क्षेत्रमै उत्कृष्ट रहेको जनाए । पुस्तकको प्रकाशन मदन-




विष्णुमाया इन्टरनेशनल एकेडेमीले गरेको हो । पुस्तकबारे समीक्षा गर्दै घोष्ट राइटिङ एशोसिएशनका सञ्चालक कमल ढकालले पुस्तकले मानवीय संवेदना र सङ्घर्षशील जीवनका विविध आयामलाई उजागर गरेको बताए । कार्यक्रममा कलेजका सल्लाहकार प्रा डा लक्ष्मणप्रसाद उपाध्याय र प्रा डा श्यामकान्त सिलवाललाई अभिनन्दन तथा कलेजका शिक्षकलाई सम्मान गरेको थियो भने विभिन्न प्रतियोगिता र वार्षिक बोर्ड परीक्षामा उत्कृष्ट एलएलएम र बिए एलएलबी तहका विद्यार्थीलाई अवार्ड वितरण गरिएको थियो ।

# विश्व हिन्दु महासंघको कार्यवाहक अध्यक्षमा भण्डारी



**काठमाडौं/मस-** विश्व हिन्दु महासंघको कार्यवाहक अध्यक्षमा अस्मिता भण्डारीलाई चयन गरिएको छ । मंसिर २४ गतेदेखि काठमाडौंमा आयोजना भएको महासंघको महासम्मेलन तथा महासभाले भण्डारीलाई कार्यवाहक अध्यक्षमा चयन गरेको हो ।

उक्त महासम्मेलन तथा महासभाको समुद्घाटन सत्रको प्रमुख अतिथि विश्व हिन्दु महासंघ भारतका महामण्डलेश्वर योगी अलखनाथ जीबाट सम्पन्न भएको थियो । महासंघको अध्यक्षको उम्मेदवारलाई प्रस्तावक र समर्थक मध्ये विदेशको एउटा च्याप्टरले समर्थन गर्नु पर्ने भएकोले भारत च्याप्टरको तर्फबाट गोरक्ष पीठाधीश्वर भारत उत्तर प्रदेशका मुख्यमन्त्री माननीय योगी आदित्यनाथजीको समेत समर्थन अस्मिता भण्डारीलाई रहेको बताएपछि महासम्मेलनको उद्घाटन सत्रमा नै अध्यक्षका अर्का प्रत्यासी किशोर गौतमका पक्षधरहरूले प्रमुख अतिथिमाथि नै हातपात गर्ने प्रयास गरेर विवाद सिर्जना भएको थियो ।

त्यसपश्चात पुनः शुरु भएको महासभामा बृहत छलफलपछि अर्को व्यवस्था नहुन्जेलसम्म भण्डारीलाई कार्यवहाक अध्यक्षमा चयन गरिएको महासंघले विज्ञप्ति जारी गरेर जानकारी दिएको छ । साथै सो घटनाप्रति महासंघले खेद प्रकट समेत गरेको छ । अध्यक्षका उम्मेदवार रहेका किशोर कुमार गौतमले महासभाका सदस्य नभएका व्यक्तिलाई महासभा हलमा प्रवेश गराउनुका साथै निर्वाचन समितिको कार्यकक्षमा निर्वाचन समिति संयोजक एवम् सदस्यहरूलाई अमार्यादित एवम् अशिष्ट शब्दहरू प्रयोग गरी धम्क्याउने र मदिरा सेवन गरी हुलहुज्जत् गर्न आउनेलाई प्रोत्साहन गरेको कारणले बाध्य भएर निर्वाचन स्थगित गर्नु परेको महासंघले विज्ञप्तिमार्फत जनाएको छ । महासंघले महासम्मेलन र महासभा सफलतापूर्वक सम्पन्न गराउन भूमिका निर्वाह गर्ने चारै सम्प्रदायका धर्मगुरुहरू, विश्व हिन्दु महासंघका सहभागी च्याप्टरहरू, महासंघमा आवद्ध संघसंस्थाका प्रतिनिधिहरूलाई धन्यवाद ज्ञापन गरेको छ ।


## नौमूले गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्विकृतको आशयपत्रको सूचना**

**प्रकाशित मितिः २०७८/०८/२८**

नौमूले गाउँपालिकाबाट चालु आ.व. २०७८/०७९ मा संचालन हुने समपुरक अनुदान बापतका योजनाहरुको यस कार्यालयको मितिः २०७७/०६/२२ (सूचना नं. ०१/०७८-०७९) मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विभिन्न सडक निर्माण कार्य सम्बन्धी विद्युतिय बोलपत्र (E-Bidding) आव्हानको सूचना अनुसार रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकनमा तपशिल फर्महरुको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएको र बोलपत्र फारम अनुसारको Eligibility Criteria तथा Qualification Requirement पुरा गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (पछिल्लो संशोधन) को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | योजनाको नाम र स्थान | सारभुत रुपमा प्रभावग्राही फर्मको नाम र ठेगाना | न्यूनतम मूल्याङ्कित कबोल रकम (मु.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| NCB/NRM/01/NTCNKBS/078/079 | नौमूले ठुलो चम्लाया हुँदै कागते भावसैनि सडक, नौमूले गाउँपालिका वडा नं. २ बालुवाटार, दैलेख | एन एस बिल्डर्स, बिरेन्द्रनगर न.पा. ४, सुर्खेत | रु.२५,६९,३७३।५८ (अक्षरमाः पच्चिस लाख उनन्सत्तहरी हजार तिन सय त्रिहत्तहर रुपैयाँ अन्ठाउन्न पैसा मात्र।) | |
| NCB/NRM/02/NDCBKJGS/078/79 | नौमूले द्वारी छिहिरा भित्रिखोला देखि जैशिडाँडा गोपेनि सडक, नौमूले गाउँपालिका वडा नं. ३ द्वारी, दैलेख | एन एस बिल्डर्स, बिरेन्द्रनगर न.पा. ४, सुर्खेत | रु.२६,९७,२२५।६० (अक्षरमाः छब्बिस लाख सन्तानब्बे हजार दुई पच्चिस रुपैयाँ साठी पैसा मात्र ।) | |

**भुपेन्द्र शाहि**
**नि. प्रमुख प्रशासकिय अधिकृत**



## Sisne Rural Municipality
## Office of the Rural Municipal Executive
**Rukumkot, Rukum (East)**
**Lumbini Province, Nepal**

**Invitation of Bids**

**(First Date of Publication: 2078/08/28 B.S.)**

1.0 Sisne Rural Municipality Rukumkot, Rukum (East) invites bids from eligible and qualified bidders for the followings construction works.

| S.N | Contract No. | Description of works | Estimate Amount (Without VAT and Contingencies) (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | EGP/NCB/SRM/W/04/078/079 | Construction of Neta Shahid Smirti Park | 88,64,786.15 | 2,50,000.00 | 3,000.00 | 2078/10/02 B.S Time upto 12:00 hrs | 2078/10/02 B.S Time at 15:00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| Office Name | Sisne Rural Municipality Rukumkot, Rukum (East) | |
|---|---|---|
| Rajashwo Account No. | 18903000001001000001 | Nepal Bank Limited Rukumkot Branch |
| Dharauti Account No. | 18903000003000000001 | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) Only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act, 2063 (including all amendment), and Public Procurement Regulation, 2064 (including all amendment). Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

5.0 Sisne Rural Municipality, Rukumkot reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Act. Chief Administrative Officer**
**Chintamani Dahal**



## UAE मा रोजगारको अवसर | कम्पनीः LIFE MART TRADING L.L.C.
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३५१ LT. No.: 253545

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 5 | सम्बन्धित काममा दक्ष | 900 | २९,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 5 | 15 | | 1200 | ३९,५०४ | | | | | | | |
| 3. | Accountant | 1 | 4 | | 1500 | ४९,३८० | | | | | | | |
| 4. | Sales Supervisor | 3 | 6 | | 1500 | ४९,३८० | | | | | | | |
| 5. | Manager | 1 | 2 | | 2000 | ६५,८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ६ गते (21 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**राजधानी इन्टरनेशनल सर्भिस प्रा. लि.** Govt. Lic No.: 303/059/060
पो.ब.नं. ११९५०, सामाखुसी-१०, गंगबु काठमाडौं, नेपाल, फोनः ०१-४९८९७५७, ४९६७१११
मोः ९८०१०८०१५१ । Email: rajdhani303@gmail.com,



## UAE मा रोजगार | कम्पनीः AL AMAL HEALTH CARE SERVICES
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३२१ LT. No.: 253454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT NURSE | 0 | 11 | स. काममा दक्ष | 3000 | ९८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पौष ६ गते (21 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**KALINCHOK H. R. PVT. LTD.**
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 01-4980649, 9801081748, 9851136852, 9851093878
9801179844 Email: kalinchokhr.nepal@gmail.com



## कतार र साउदीमा रोजगार | कम्पनीः TARGET ELECTRO MECHANICAL WLL
शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७०३१२ L.T. No.: 252866

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
